नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
जिल्ला समन्वय समितिको कार्यालय
गोरखा
२०७३

(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

# २०८२ बैशाख ०१ गते देखि २०८२ असार मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरु

(स्वतः प्रकाशन)

जिल्ला समन्वय समितिको कार्यालय, गोरखा
फोन नं. ०६४-४२०१४४, इमेल :- ddcgorkha@gmail.com
**Website :- www.dccgorkha.gov.np**

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
जिल्ला समन्वय समितिको कार्यालय
गोरखा
२०७३

विषय सूची :-


| क्र.सं. | विवरण | पेज नं. |
|---|---|---|
| १. | कार्यालयको स्वरुप र प्रकृति | १ |
| २. | जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार | १ |
| ३. | जिल्ला समन्वय समितिको कार्यालयमा रहने कर्मचारी संख्या र विवरण | २ |
| ४. | प्रदान गरिने सेवा | ३ |
| ५. | सेवा प्रदान गर्ने निकाय र जिम्मेवार कर्मचारीहरु | ३ |
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | ३ |
| ७. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | ३ |
| ८. | निर्णय उपर उजूरी सुन्ने अधिकारी | ४ |
| ९. | सम्पादन गरिएका मुख्य मुख्य कामहरु | ४ |
| १०. | सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद | ५ |
| ११. | ऐन, नियम र निर्देशिकाको सूची | ५ |
| १२. | आम्दानी, खर्च तथा आर्थिक कारोबार | ५ |


रस्मिता सिंखडा
Rashmita Simkhada

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
जिल्ला समन्वय समितिको कार्यालय
गोरखा
२०७३

## (१) कार्यालयको स्वरुप र प्रकृति :-

नेपालको संविधानको धारा २२० को उपधारा (७) मा व्यवस्था भएको तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गठन भएको जिल्ला समन्वय समितिमा ९ जना पदाधिकारीहरु रहने व्यवस्था छ । १ जना प्रमुख, १ जना उप प्रमुख तथा अन्य ७ जना निर्वाचित सदस्यहरु रहन्छन् । त्यस्तै गरी दैनिक प्रशासनिक कार्य गर्न १ जना जिल्ला समन्वय अधिकारी सहित अन्य दरवन्दी अनुसार निजामती कर्मचारीहरु रहने व्यवस्था छ । प्रदेश सरकारद्वारा जारी गरिएको ऐन, कानून र अन्य कार्यबिधि अनुसार जिल्ला स्थित संघ र प्रदेश अन्तर्गतका कार्यालयहरु एवं स्थानीय तहहरु बीच समन्वय र विकास निर्माणका कार्यहरुको अनुगमन गर्नु यसको मुख्य कार्य हो ।

## (२) जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार :-

(१) प्रदेशले अर्को व्यवस्था नगरेसम्मको लागि नेपालको संविधानको धारा २२० को उपधारा (७) मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १२ ले तोकेको जिल्ला समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) जिल्ला भित्रका गाउँपालिका वा नगरपालिका बिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

(ख) जिल्ला भित्र सरकारी तथा गैर सरकारी क्षेत्रबाट संचालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारीता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने ।

(ग) जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागी प्रदेश तथा संघ संग समन्वय गर्ने ।

(घ) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिका बिच समन्वय गर्ने ।

(ङ) जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिका बिच कुनै विवाद उत्पन्न भएमा सो को समाधानका लागी समन्वय तथा सहजीकरण गर्ने ।

(च) जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद व्वस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

(छ) जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघ संस्था तथा निजी क्षेत्र संग समन्वय गर्ने,

(ज) जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धीत गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने ।

(झ) आफ्नो काम कारवाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आ.ब. समाप्त भएको दुई महिना भित्र प्रतिवेदन दिने,

(ञ) जिल्ला भित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि बर्षको कम्तीमा एक पटक वार्षिक समिक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्नै संसद सदस्यलाई आमन्त्रण गरी सुझाव लिने ,

(ट) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

**(३) जिल्ला समन्वय समितिको कार्यालयमा रहने कर्मचारी संख्या र विवरण :**

जिल्ला सभाको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एक जिल्ला समन्वय अधिकारी र अन्य आवश्यक कर्मचारी रहने व्यवस्था छ । यस अनुसार निम्न श्रेणी र दर्जाका कर्मचारीहरु रहने छन्।

| क्र.सं. | पद र श्रेणी | जम्मा दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|
| १. | जिल्ला समन्वय अधिकारी, रा.प. द्वितीय | १ | |
| २. | शाखा अधिकृत, रा.प. तृतीय | १ | रिक्त |
| ३. | ईन्जिनियर, रा.प. तृतीय प्रा. | १ | रिक्त |
| ४. | नायब सुब्बा, रा.प.अनं. प्रथम | १ | |
| ५. | लेखापाल, रा.प.अनं. प्रथम | १ | |
| ६. | सब-ईन्जिनियर, रा.प.अनं. प्रथम प्रा. | १ | |
| ७. | खरिदार, रा.प.अनं. द्वितीय | १ | |
| ८. | हलुका सवारी चालक श्रेणिविहिन | २ | सेवा करारमा |
| ९. | कार्यालय सहयोगी | ३ | सेवा करारमा |
| १०. | स्वकीय सचिव (जि.स.स. प्रमुख) | १ | सेवा करारमा |
| | जम्मा | १३ | २ जना रिक्त |

रस्मिता सिंखडा
Rashmita Simkhada

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
जिल्ला समन्वय समितिको कार्यालय
गोरखा
२०७३

**(४) प्रदान गरिने सेवा :**

(क) यस समन्वय समितिबाट विभिन्न निकायहरुबाट माग भएको जानकारीहरु, सूचना माग सम्बन्धी सूचनाको हक सम्बन्धी ऐन/नियम अनुसार प्रदान गरिने गरिएको ।

(ख) पालिकाहरुबाट माग भएको र सम्झौता अनुसार जि.स.स.को कोषमा रहेको रकम निकासा गर्ने गरिएको ।

(ग) पालिकाहरु र विभिन्न संघ, संस्थाहरु एवं कार्यालयहरु वीच समन्वय र आवश्यकता अनुसार बैठक बस्ने गरिएको ।

(घ) संघीय एवं प्रदेश सरकार मातहत कार्यालयहरुबाट भए गरेका विकास निर्माणका योजनाहरुको अनुगमन गरी प्रतिवेदन दिने गरेको ।

(ङ) स्थानीय तहहरुको आवश्यकता अनुसार समन्वय एवं अनुगमन गर्ने गरिएको ।

**(५) सेवा प्रदान गर्ने निकाय र जिम्मेवार कर्मचारीहरु :**

(क) जिल्ला समन्वय अधिकारी : श्री रस्मिता सिंखडा (कार्यालय प्रमुख)

(ख) लेखापाल : श्री बिनोद ऐडी (आर्थिक प्रशासन शाखा)

(ग) नायब सुब्बा : श्री श्याम कुमार श्रेष्ठ (व्यवस्थापन शाखा)

(घ) सब-इन्जिनियर : श्री प्रविन्द्र भट्टराई (अनुगमन तथा प्राविधिक शाखा)

(ग) खरिदार : श्री बुद्धि प्रसाद वस्ती (जिन्सी तथा व्यवस्थापन शाखा)

**(६) सेवा प्राप्त गर्न लाग्ने दस्तूर र अबधि :**

(क) स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार ब्यवस्था भएकोमा सोही अनुसार ,

(ख) जिल्ला सभाद्वारा पारित गरिएका कार्यहरुको समय तोकिएकोमा सोही अनुसार ,

(ग) सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ४ बमोजिम र अन्य विशेष कानूनले तोके बमोजिमको समय र दस्तूर ।

**(७) निर्णय गर्ने प्रक्रिया र अधिकारी :**

सम्बन्धित शाखाहरुबाट कार्य उठान एवं सम्पन्न गरिने ।

रस्मिता सिंखडा
Rashmita Simkhada

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
जिल्ला समन्वय समितिको कार्यालय
गोरखा
२०७३

(८) निर्णय उपर उजूरी सुन्ने अधिकारी :

जिल्ला समन्वय अधिकारी

(९) सम्पादन गरिएका मुख्य मुख्य कामहरु :

(क) जिल्ला समन्वय समिति, गोरखाको आ.व. २०८१/०८२ को चौथोत्रैमासिकमा भएका बैठक तथा कार्यक्रमहरु निम्नानुसार सम्पन्न भएको छ ।

| सम्पन्न भएका बैठकहरु तथा मिति | जम्मा बैठक संख्या |
|---|---|
| **जि.स.स. गोरखाको बोर्ड बैठक** २०८२ बैशाख २३ गते, २०८२ जेष्ठ ०९ गते, २०८२ जेष्ठ १६ गते, २०८२ असार १३ गते, २०८२ असार १९ गते । | जम्मा ५ (पाँच) पटक |
| नदिजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन र विक्रि सम्बन्धी प्रक्रियाको अनुगमन समितिको बैठक २०८२ बैशाख ५ गते, २०८२ जेष्ठ ०५ गते र २०८२ असार १५ गते । | ३(तीन) पटक |

(ख).आ.व. २०८१/०८२ को चौथो त्रैमासिकमा निम्नानुसार कार्यहरु सम्पन्न भएका छन।

- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको प्राप्त अख्तियारी र पत्रानुसार गोरखा जिल्ला भित्रका सबै स्थानीय तहहरुमा महिला, बालबालिका,ज्येष्ठ नागरिक र लैङ्गिक क्षेत्रमा भएको कामको अनुगमन गर्नको लागी महिला तथा बालबालिका वा सामाजिक शाखाको अनुगमन गरी प्रतिवेदन तयार गरिएको ।
- स्थानीय तहहरुको सिमा विवाद समधानको लागी आवश्यक पत्राचार सहित अन्य पहल गरिएको ।
- साविक जिल्ला विकास समितिको जलश्रोत समिति अन्तर्गत दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुका कागजातहरु स्थानीय तहहरुको माग बमोजिम उपलब्ध गराउँदै आएको।
- विभिन्न मितिमा जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता लगायतका पञ्जिकरणसँग सम्बन्धित अभिलेखहरुको छायाँप्रति स्थानीय तहलाई आवश्यक परेको समयमा उपलब्ध गराउँदै आएको।
- गोरखागोरखाका सम्पूर्ण स्थानीय तहहरुको स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन गरिएको ।



रस्मिता सिंखडा
Simkhada

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
जिल्ला समन्वय समितिको कार्यालय
गोरखा
२०७३

- जिल्लालाई सडक आश्रीत मानवमुक्त राष्ट्र निर्माण गर्नको लागी स्थानीतहहका प्रमुख सहित सरोकारवाला पक्षसंग आवश्यक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।
- १९ औं जातीय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवस विविध कार्यक्रमका साथ सम्पन्न गरियो ।

आ.व. २०८१/०८२ को चौथो त्रैमासिकमा यस कार्यालयको वार्षिक कार्ययोजना बमोजिम गोरखा जिल्ला भित्र संघ, प्रदेश तथा स्थानीय तहहरुबाट सञ्चालित तपसिल वमोजिमका विकास तथा निर्माणका योजनाहरु तथा कार्यक्रमहरुको अनुगमन गरिएको छ ।

तपसिलः-

- घुन्चुटार भुवाने सौरपानी सडक आयोजन,बारपाक सुलिकोट गा.पा.
- सुपर त्रिसुलि हाइड्रोपावर गण्डकी गा.पा.
- भुसुन्डे खोला नियन्त्रण सिरानचोक गा.पा. र पा.न.पा.
- जरेवर खानेपानी आयोजना सिरानचकोक गा.पा.
- मुसेखोला दानी गाउँ ठूलो गाँखु नामरुक पात्ले हुँदै चित्रेपोखरी जोड्ने सडक सि.गा.पा-०६ गोरखा लगायत अन्य आयोजनाहरुको अनुगमन गरिएको ।
- सिमरन,दरौंदी क्रसर उद्योगको स्थलगत अनुगमन गरिएको ।

**१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः**

(क) कार्यालय प्रमुखको नाम, थरः श्री रस्मिता सिंखडा (जिल्ला समन्वय अधिकारी)

(ख) सूचाना अधिकारीको नाम, थरः श्री बिनोद ऐडी (लेखापाल)

**(११) ऐन, नियम र निर्देशिकाको सूची :**

(क) नेपालको संविधान २०७२

(ख) स्थानीय सरकार सञ्चालन ऐन २०७४

(ग) संघीय सरकार एवम् प्रदेश सरकारबाट जारी गरिएका अन्य सम्बन्धित ऐन, कानून र निर्देशिकाहरु

**(१२) आम्दानी खर्च तथा आर्थिक कारोवार :**

| क्र.स. | ब.उ.शि.नं. | बार्षिक बजेट | खर्च | कैफियत |
|---|---|---|---|---|
| १. | ३६५००१०५३ | २,१४,६२,३१९।- | १,९२,१४,५३९।७४ | संघ सरकार |
| २. | मौज्दात कोष | ६,०१,६५,६२३।९८ | १०,२९,०००।०० | |
| ३. | राजस्व | ९९,४४०।०० | | क्यान्टिन, हल भाडा र बेरुजु सहित |

तयार गर्ने :-
बिनोद ऐडी (लेखापाल)

प्रमाणित गर्नेः-
रस्मिता सिंखडा (जि.स.अ.)

रस्मिता सिंखडा
Rashmita Simkhada